अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री अम्बिकाभक्त शर्मालाई मिति २०४७।७।४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

सडक विभागका महानिर्देशक श्री नारायणदत्त शर्मा अध्ययन भ्रमणको लागि स्वीट्जरल्याण्डतर्फ जानुभएकोले उहाँ फर्की नआएसम्मको लागि सो महानिर्देशक पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही विभागका उप-महानिर्देशक श्री लक्ष्मणकृष्ण मल्ललाई मिति २०४७।६।१७ देखि का.मु. मुकरर गरेको छ ।

आज्ञाले,
पृथुनरसिंह राणा
श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी श्री बासुदेव खनाल बिदामा बस्नुभएकोले उहाँ बिदा बसेको मितिदेखि कार्यालयमा हाजिर नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका प्र.अ. श्री हरिश्चन्द्र पोखरेललाई मिति २०४७।६।२५ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय नवलपरासीका प्रमुख जिल्ला अधिकारी श्री राममणि मुडभरी मिति २०४७।६।२८ देखि बिदामा बस्नुभएकोले उहाँ बिदा बसेको मितिदेखि कार्यालयमा हाजिर नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका व.प्र.अ. श्री प्रेमलाल श्रेष्ठलाई मिति २०४७।६।२३ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

आज्ञाले,
उद्धवप्रसाद बास्कोटा
कानून अधिकृत (उपसचिव)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।